जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९
स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ९४ २०८१ साल कात्तिक २२ गते बिहीबार (7 Nov. 2024 Thursday) मूल्य रु. ५/-

### डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायु परिवर्तनप्रति सचेत. ३ पृष्ठमा : स्थानीय तह उपनिर्वाचन : कति पदका... ३ पृष्ठमा : रिपब्लिकन पार्टीलाई...

# आज अस्ताउँदो सूर्यलाई अर्घ दिइदै



**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक ।**

चार दिवसीय लोक आस्थाको महापर्व छठको तेश्रो दिन बिहीबार अस्ताउँदो सूर्यलाई अर्घ दिइदै छ । यसका लागि विभिन्न जलाशयहरु सरसफाई तथा सजावट गरि पूजाको सम्पूर्ण तयारी पुरा भएको छ ।

यसअघि दोश्रो दिन बुधवार खरना विधि गरिएको छ । बिहान पवित्र स्नान गरी दिनभर निराहार उपवास (व्रत) बसेर राती सक्खरमा पकाइएको खिर कुल देवता र छठी देवीलाई चढाई ब्रतालुले त्यही खिर प्रसादका रुपमा ग्रहण गरी खरना विधी गरिएको थियो ।

पर्वको पहिलो दिन नहाए खाए गरि सुरु गरिएपछि दोश्रो दिन खरना, तेश्रो दिन सझिया घाट (अस्ताउदो सुर्यलाई अर्घ) र शुक्रवार बिहान उदाउँदो सुर्यलाई अर्घ दिए पश्चात चार दिवसीय छठ पर्व सम्पन्न हुनेछ ।

यता ब्रतालु परिवारका सदस्य तथा भक्तजन छठ घाट सरसफाई तथा सिंगार्न व्यस्त भएका छन । विगत दुई दिनदेखि ताल तलाउ र पोखरीको पुजाघाट सिंगार्न स्थानीयहरुले बिहीबार पनि साजसजावटलाई अन्तिम रुप दिन तथा पोखरीहरुलाई झकिझकाउ बनाउन व्यस्त देखिएका छन ।

यसैबीच छठ पर्वलाई व्यवस्थित र सुरक्षित बनाउन बुधवार जनप्रतिनिधी तथा सुरक्षा निकायका प्रमुखहरु सम्मिलित टोलीले जिल्लामा छठ पर्व हुने प्रमुख जलाशयहरुको निरीक्षण गरेका छन ।

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीन, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, बरख गणका गणपती रमेश पाण्डे, प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडा लगायतको टोलीले छठ पर्व मनाइने जलाशय र पुजास्थलहरुको निरीक्षण गरी सुरक्षा प्रबन्ध बारे छलफल समेत गरेका छन ।

सो क्रममा छठ पर्वको मनाउने पुजास्थलहरुमा भीड व्यवस्थापन तथा सुरक्षाका लागी विशेष सुरक्षा व्यवस्था मिलाउन लागिएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले बताए ।

छठ पुजास्थलहरुमा आपराधीक गतिविधी नियन्त्रण तथा भक्तजनले ढुक्क भएर छठ पर्व मनाउने गरी सुरक्षा व्यवस्थापनका लागी आवश्यक तयारी मिलाउन लागिएको उनको भनाई छ ।

# ब्रतालु महिलालाई साडीसँगै पुजा सामाग्री प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक ।**

छठ पर्वका ब्रतालु महिलाहरुलाई एक संस्थाले साडी तथा पुजा समाग्री वितरण गरेको छ ।

तराई/मधेश महिला फाउण्डेशनले बुधवार सप्तरीको रुपनी गाउँपालिका २ लौवापार टोलमा विपन्न समुदायका तीन दर्जन भन्दा बढी छठव्रती महिलाहरुलाई साडी तथा छठ पुजन सामग्री वितरण गरेको हो ।

छठव्रती महिलाहरुलाई वितरण गरिएको सामग्रीहरुमा साडी, सिंदुर, टिका र पुजा लगायतका सामग्री छन ।

फाउण्डेशनकी अध्यक्ष सुनिता कुमारी साहले उक्त समाग्री छठव्रती महिलाहरुलाई वितरण गरेकी हुन । सो अवसरमा उनले विपन्न समुदायका महिलाहरुलाई छठ पर्व मनाउन सहजताका लागी उक्त सामग्री प्रदान गरिएको बताइन ।

# बैकिङ कसुर मुद्दाका फरार प्रतिवादी सिंह पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक ।**

प्रहरीले बैकिङ कसुर मुद्दाका फरार एक प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ६ का ३६ वर्षिय चन्दन कुमार सिंह छन ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको प्रहरी टोलीले बुधवार उनलाई गाउँ मै लुकी वसेको अवस्थामा पक्राउ गरेको हो ।

जग्गा किन्ने नाउँमा सोही ठाउँ निवासी भगवानलाल यादवसँग ४८ लाख ७५ हजार रुपैया सापटी लिएका सिंहले फिर्ता गर्न आलटाल गर्दै आएको र धेरै समय पछी त्यती रकम बराबरको दिएको चेक पनि बाउन्स भएपछी यादव प्रहरीमा पुगेका थिए ।

प्रहरीले बैकिङ कसुरमा परेको जाहेरी दर्ता गरी कानुनी प्रक्रिया अघि बढाएपछी अदालतबाट सिंह विरुद्ध पक्राउ पुर्जी जारी गरेपछी पक्राउ गरिएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

यस्तै बुधवारै कुटपिट मुद्दाका दुई फरार प्रतिवादी समेत पक्राउ परेका छन । पक्राउ पर्नेहरुमा सप्तरीको डाक्नेश्वरी नगरपालिका ८ का अजय कुमार

*बाँकी अन्तिम पृष्ठमा*

# कोशी प्रदेशका मन्त्री अधिकारीद्वारा राजीनामा

विराटनगर, २१ कात्तिक (रासस) ।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारीले आफ्नो पदबाट राजीनामा दिनुभएको छ ।

केही दिनअघि प्रदेश सरकारको स्वीकृति नलिइकन विदेश जानुभएका मन्त्री अधिकारीको आलोचना भएपछि उहाँले नैतिकताको आधारमा राजीनामा दिएको बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी दिनुभयो । मन्त्री अधिकारी गत जेठ ४ गते प्रदेशको मन्त्रीमा नियुक्त हुनुभएको थियो ।



## सम्पादकीय ....

### चिसोबाट बच्न/बचाउन पूर्व तयारी आवश्यक

जाडो याममा खासगरी वृद्धवृद्धा, बालबालिका, दीर्घरोगी र गरीब विपन्न वर्गका व्यक्तिहरु अपेक्षाकृत रुपमा बढी प्रभावित हुने गर्दछन् । तराई मधेशमा जाडो याममा लाग्ने गरेको हुस्सु र कुहिरोका कारण वर्षेनी कतिपयले ज्यान गुमाउनु परेको तथ्याङ्क समेत रहेको छ । हाल मौसम परिवर्तनसँगै विस्तारै चिसो बढ्न थालेको अनुभूति हुन थालेको छ । चिसोबाट बच्ने उपायका लागि सम्बन्धित निकाय र पालिकाहरु सचेत हुन पनि उत्तिकै आवश्यक छ ।

गरिब, विपन्न वर्गका मानिसहरु पर्याप्त न्यानो लुगाका अभावमा यसबाट बढी प्रभावित हुने गरेका छन् । गरिबी र आर्थिक अभावमा जीवन विताइरहेकाहरुको जीवन जाडोयाममा झन् कष्टकर हुन नदिन सम्बन्धित निकाय चनाखो हुनु जरुरी छ । उनीहरुको स्वास्थ्य रक्षा गर्नु सम्बन्धित निकाय र खासगरी पालिकाहरुको कर्त्तव्य पनि हो । जाडो बढ्नु अगावै पालिकाहरुले यस्ता वर्गका मानिसहरुप्रति जिम्मेवारी बहन गर्नुपर्छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले चिसो बढ्नु अगावै पूर्व तयारीका निम्ति सबै पालिकाहरुसँग समन्वय गरी दाउरा, कम्बल, न्यानो कपडा आदिको व्यवस्थासँगै एम्बुलेन्सलाई तयारी अवस्थामा राख्न पहल थाल्न अग्रसरता देखाउन जरुरी छ । तसर्थ पालिकाहरुले सम्बन्धित सहयोगी हातहरुसँगको हातेमालोमा जाडो बढ्नु अगावै भयावह परिस्थीति आउनबाट अग्रसरता देखाउन आजैबाट प्रयास थाल्नु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जलवायु परिवर्तनप्रति सचेत छठ पर्वको वैज्ञानिक र पर्यावरणीय महत्व

**धर्मेन्द्र झा**

काठमाडौँ, २१ कात्तिक (रासस) ।

'नहाए-खाए' सँगै यस वर्षको महापर्व छठ मङ्गलबार सुरु भइसकेको छ । बुधबार साँझ खरनासँगै परिवारकी मुख्य महिला र अन्य श्रद्धालुले व्रतसँगै पूजा गर्ने प्रण गर्छन् र बिहीबार सूर्यलाई सन्ध्याकालीन र शुक्रबार प्रातःकालीन अर्घ्यपछि पारन हुन्छ । यसपछि मात्र व्रतालुले व्रत विसर्जन गरेसँगै छठको पनि औपचारिक समापन हुन्छ । यस पटक मात्र होइन, छठ पर्वका क्रममा प्रत्येक वर्ष प्रत्येक पटक अपनाइने प्रक्रिया यही हो । यस अर्थमा भन्ने हो भने यो पर्व चारदिने हो, जो चार दिनसम्मै बडो उत्साह र उमङ्गले मनाइने गरिन्छ ।

पछिल्लो दिनमा छठ राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रियकरणतर्फ उन्मुख छ । वर्तमानमा यो महापर्व जहाँकहीँ पनि विश्वमा मैथिली र भोजपुरी भाषी छन्, त्यहाँ मनाइने गरिएको छ । मूलतः सूर्योपासनासँग सम्बन्धित यो पर्व प्रकृति पूजनसँग सम्बद्ध छ । यस पर्वका माध्यमबाट प्रकृति जो जीवनदायिनी हो, जीवन सञ्चालक हो, प्रति आभार व्यक्त गर्ने गरिन्छभन्दा अस्वाभाविक हुँदैन । यति मात्र होइन सूर्य, जसलाई प्रत्यक्ष जाग्रत देवताका रूपमा स्वीकार गरिन्छ, उनको अनुपस्थितिमा यस जगत्को सञ्चालन सम्भव छैन, का प्रति पनि मानवले अनुग्रह भाव प्रदर्शित गर्दै आभार व्यक्त गर्ने पर्व हो छठ ।

सूर्यको उपासना त विश्वका धेरै देश र धेरै संस्कृतिमा हुने गरेको पाइन्छ तर सूर्य पत्नी उषा र सन्ध्या अर्थात् अस्ताउँदो र उदाउँदो दुवै सूर्यको उपासना हुने सांस्कृतिक पर्व सम्भवतः छठ मात्र हो । यस्तोमा सुन्दर भविष्यको अपेक्षासहित उदाउँदो शक्तिको उपासना मात्र होइन, बरु विगतको शक्ति जसका कारणले यो सृष्टि र सभ्यता अस्तित्वमा छ, आजको अवस्थासम्म आइपुगेको छ । तिनका प्रति अर्थात् अस्ताउँदो शक्तिका प्रति अर्थात विगतका पुर्खाप्रति पनि आदर सत्कारको भाव प्रकट गर्ने पर्व हो यो । यो पर्वको केन्द्रीय पूजनीय तत्व नै सूर्य हुन् । सूर्यलाई शक्ति मानिन्छ । यस आधारमा यो पर्व शक्ति पर्व पनि हो । सूर्य ऊर्जा केन्द्र हो । यसै ऊर्जाले प्रकृति–सृष्टि सञ्चालित छ । ऊर्जाको अनुपस्थितिमा जीवन सञ्चालन हुनै सक्दैन । यस आधारमा सूर्यप्रति अनुग्रहित हुने पर्वका रूपमा पनि छठ पर्वको महत्व छ ।

मिहीन ढङ्गले विश्लेषण गर्ने हो भने यो पर्व वैज्ञानिक मान्यतामा आधारित छ । यो पर्व मनाउने प्रक्रिया र अवलम्बन गरिने विधिहरू विज्ञानसम्मत देखिन्छन् । आध्यात्म यस्तो पक्ष हो जोसँग पराशक्तिप्रतिको सम्मान, समर्पण र आस्था जोडिएको हुन्छ । श्रद्धा तथा विश्वासका नाममा यदाकदा भय र त्रासले स्थापित मान्यताहरू अनुशरण गर्न बाध्य बनाइरहेका हुन्छन् । छठ पर्वको विश्लेषण गर्ने हो भने आध्यात्मभित्र लपेटिएका केही त्यस्तै भय र त्राश छन्, जसले विज्ञान आधारित स्थापित मान्यताहरू अनुशरण गर्न समाजलाई बाध्य बनाएको छ अथवा भनौँ प्रेरित गरेको छ । त्यस्तै एउटा विज्ञान आधारित सन्दर्भ हो अस्ताउँदो र उदाउँदो सूर्यको उपासना । विज्ञानले प्रमाणित गरिसकेको छ, सूर्य उदाउने र अस्ताउने समयमा प्रसारित हुने किरण जीवनका लागि अत्यन्तै उपयोगी छन् । यी किरणको अभावमा जीवन सभ्यताको निरन्तरता सम्भव छैन ।

छठ पर्वलाई यस्ता अनेक वैज्ञानिक अवधारणासँग जोड्न सकिन्छ । अर्को पक्ष हो जल संरक्षण र स्वच्छता । अहिलेको विश्व जलवायु परिवर्तनका कारण सिर्जना भएका र हुने सम्भावना रहेका असरबाट आक्रान्त छ । जलवायु परिवर्तनको न्यूनीकरणको अनेक उपाय खोजिरहेको छ, वर्तमान विश्व । यसबारे विश्वलाई सचेत बनाउने उद्देश्यले ठूलो जनधनको लगानीमा बर्सेनि विश्व सम्मेलन हुने गरेका छन् । यस वर्ष पनि छठको लगत्तै अजरवैजानको बाकुमा यस्तै सम्मेलनको आयोजना हुन गइरहेको छ ।

छठका प्रवर्तकहरूले भने मानव समाज र सभ्यता जोगाउन हजारौँ वर्ष पहिले (छठ पर्व मनाउने कुरा कहिलेदेखि अस्तित्वमा आएको हो ? यकिन छैन) जलवायु परिवर्तनको सम्भाव्य अवस्था र त्यसको असरबारे सचेतना देखाए । जल र जलाधारको संरक्षण गर्नुपर्ने र प्रकृति जोगाउनुपर्ने वैज्ञानिक आवश्यकताबारे हाम्रा पूर्वजले त्यतिखेरै चिन्ता र चासो व्यक्त गरे । त्यस्तै आध्यात्मिक आस्था तथा विश्वासलाई यसका लागि माध्यमका रूपमा प्रयोग गरे ।

यो पर्व कहिलेदेखि मनाउन सुरु गरियो त्यसको यकिन गर्न सकिएको छैन । यो पर्वको उपासना विधिको विश्लेषण गर्दै गएका खण्डमा यो पर्व मूलतः प्रकृति पूजनसँग सम्बन्धित रहेको पाउन सकिन्छ । यो पर्व जलाशय, नदी, पोखरी, ताल तलैया लगायतका जलस्रोत क्षेत्रमा उपस्थित भई सूर्यको उपासना गरी मनाइन्छ । पर्व मनाउने क्रममा जलस्रोत र सम्बन्धित क्षेत्रको शुद्धता र सफाइमा विशेष ध्यान दिइन्छ । यो शुद्धता र सफाइको कार्यले जल जीवनदायिनी हो र यसको संरक्षण र शुद्धता सृष्टिको कल्याणका लागि अपरिहार्य छ भन्ने सन्देश दिन्छ ।

यस पर्वमा चढाइने वस्तुहरू पनि प्रकृतिमै आधारित छन् । जस्तै उखु, बोट समेतको बेसार र त्यसबेला उपलब्ध अन्य कृषि–खाद्य सामग्री । यसले पनि प्रकृतिको सम्मान गर्नुपर्ने पाठ नै सिकाउँछ । मूलतः नेपालको मध्य तथा पूर्वी तराई–मधेशमा हर्षोल्लास र बडो श्रद्धापूर्वक मनाइने महापर्व छठ उदाउँदो र अस्ताउँदो सूर्यको उपासना गरी मनाइने गरिन्छ । यो पर्वमा अस्ताउँदो सूर्यले विगतको स्मरण गर्दै आत्ममूल्याङ्कन गर्न र उदाउँदो सूर्यले सुन्दर र स्वस्थ्य भविष्यको निर्माणमा जुट्न अभिप्रेरित गर्ने विश्वास गरिन्छ । यो पर्वलाई स्वास्थ्य, निरोगिता र सन्तानप्राप्ति र कल्याण तथा परिवारको उन्नति र रक्षाको पर्वमा श्रद्धापूर्वक मनाइन्छ । सारमा वैज्ञानिक दृष्टिले यस पर्वको महत्वलाई यसरी पनि उल्लेख गर्न सकिन्छ ।

- यसले पवित्रता, स्वच्छता र सफाइको महत्वमा जोड दिएको छ, यी स्वास्थ्य र निरोगिताका लागि अनिवार्य छन् ।

- यस पर्वले पर्यावरणको सन्तुलन र संरक्षणको सन्देश पनि दिएको छ, जो प्राणीजगत्का लागि आवश्यक छ । प्रकृतिप्रति आदर भावको उद्देश्य पर्यावरणको संरक्षणका सन्दर्भमा जनचेतना जागृत गर्नु हो ।

- प्रकृति सबैको हो । यो सामूहिक सम्पदा हो । यसको उपयोग सबैले गर्न पाउनुपर्छ र कुनै पनि आधारमा कसैलाई पनि प्रकृतिको सदुपयोगबाट वञ्चित गरिनु हुँदैन भन्ने सन्देश पनि यस पर्वको हो ।

- जल, जीवन हो भन्ने महत्वपूर्ण सन्देश यस पर्वले दिएको छ ।

- बिहान र बेलुकाको सूर्यको किरण मानव स्वास्थ्यका लागि उपयुक्त हुन्छ भन्ने सन्देश पनि यस पर्वमा निहित छ ।

सूर्य र प्रकृतिले जसरी कसैप्रति भेदभाव गर्दैन । त्यसरी नै छठ पर्वले पनि कसैलाई भेदभाव गर्दैन । पूजा र उपासनामा कसैलाई निषेध गर्दैन । छठ घाटमा मधेशी मात्र उपस्थित हुँदैनन् । हिन्दू मात्र पनि उपस्थित हुँदैनन् । सम्पन्न, धनी र हुनेखाने मात्र सहभागी हुँदैनन् । जातपातका आधारमा छुवाछूत देखिँदैन । छठ पर्वप्रतिको आस्थामा कसैमा विभेद्को अनुभूति हुँदैन । सबैले आत्मसम्मान र प्रतिष्ठासहित जीवनयापन गर्न सकून्, छठ पर्वको सन्देश विश्लेषण गर्ने हो भने पनि सारमा यही कुरा बुझ्न सकिन्छ–सर्वजन हिताय सर्वजन सुखाय । (लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज
सप्तरी

चलानी नं. : २०६९
पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति:

मिति: २०८१।६।१६

विषय : ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

२००४ साल को नापी सुनरी [illegible] दर्ता रहेको साविक कि.नं. ५६३ जगदर मौजा रैन मुसहरनिया गिरदवा वाला तपसिल बमोजिम नापी भएको जग्गा मलेकपुर वा.६ कि.नं. २६८, २६९ पेश्की [illegible] गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. मलेकपुर वार्ड नं. ६ बस्ने श्री [illegible] को द.नं. २६५८६ मिति २०८१।३।१२ मा निवेदन परी ३५ सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१।६।१२ मा आदेश भए अनुरुप यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरो गर्नु होला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम पेश्की [illegible] गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरो दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| मलेकपुर | ६ | २६८ | ०-५-११ | २००४ साल को नापी सुनरी [illegible] | [illegible] |
| ” | ६ | २६९ | ०-४-११½ | | |

नोट : - कित्ता नं २६८ र २६९ को आधा भागमा [illegible] [illegible] समेत

२०८१।६।१६
नायब सुब्बा

# स्थानीय तह उपनिर्वाचन : कति पदका लागि कहाँ-कहाँ हुँदैछ निर्वाचन ?

**अशोक घिमिरे**

काठमाडौँ, २१ कात्तिक (रासस) ।

आगामी मङ्सिर १६ गते विभिन्न कारणले स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुँदैछ ।

जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन निर्वाचन हुनेछ ।

निर्वाचन आयोगका अनुसार ओखलढुङ्गा र कैलालीका जिल्ला समन्वय समिति प्रमुख, काठमाडौँको कीर्तिपुर नगरपालिकाका प्रमुख, जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, मोरङको ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष, दोलखाको गौरीशङ्कर गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि निर्वाचन हुनेछ ।

ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका वडा नं ३, झापाको कन्काइ नगरपालिका वडा नं ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपलिका वडा नं ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहटको ईशनाथ नगरपालिका वडा नं ७, राजपुर नगरपालिका वडा नं ६ र गढीमाई नगरपालिका वडा नं ८ को वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ ।

काठमाडौँको कीर्तिपुर नगरपालिका वडा नं १ र ४, काठमाडौँ महानगरपालिका वडा नं १६, नुवाकोटको ककनी गाउँपालिका वडा नं २, मकवानपुरको हेटौँडा नगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४, रुकुम (पूर्वी) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं २ र कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं १ का वडाध्यक्ष पदमा निर्वाचन हुने आयोगका सूचना अधिकृत सुमन घिमिरेले राससलाई जानकारी दिनुभयो ।

दैलेखको दुल्लु नगरपालिका वडा नं १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं ४, जाजरकोट कुशे गाउँपालिका वडा नं ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ का वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उपपप्रमुख र वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पदपूर्ति हुने व्यवस्था छ ।

**मंसिर २ गते उम्मेदवारी दर्ता**

उपनिर्वाचनका लागि मङ्सिर २ गते उम्मेदवारी दर्ता गर्नुपर्नेछ । मङ्सिर २ गते बिहान १० देखि अपराह्न ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने छभने सोही दिन साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ ।

आयोगका अनुसार २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हालिरहेको स्थानीय तहमा रिक्त रहेको पदमा महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेस गर्न राजनीतिक दललाई निर्देशन दिइएको छ ।

मङ्सिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ ।

मङ्सिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने छभने सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ ।

**कुन उम्मेदवारले कति खर्च गर्न पाउँछन् ?**

निर्वाचन आयोगले उम्मेदवारको मनोयनपत्र दर्ता भएको मितिदेखि निर्वाचन परिणाम घोषणा भएको अवधिसम्म उम्मेदवारले गर्न पाउने खर्चको हद तोकेको छ । नगरपालिकाका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले रु चार लाख ५० हजार, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष पदका उम्मेदवारले रु तीन लाख ५० हजार, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखका उम्मेदवारले रु ५० हजारसम्म खर्च गर्न सक्नेछ ।

महानगरपालिकाका वडाध्यक्ष पदका उम्मेदवारले रु तीन लाख, नगरपालिका वडाध्यक्ष पदका उम्मेदवारले रु दुई लाख र गाउँपालिकाका वडाध्यक्षले रु एक लाख ५० हजार खर्च गर्न सक्नेछ ।

आयोगले यही कात्तिक १ गते आसन्न स्थानीय तह उपनिर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय तोकेको छ । उपनिर्वाचन हुने जिल्लामा रिक्त नगरपालिकाका प्रमुख तथा उपप्रमुख र गाउँपालिकाको अध्यक्ष तथा उपाध्यक्षको निर्वाचनका सम्बन्धित स्थानीय तहको केन्द्रमा मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालय रहनेछ ।

वडाध्यक्षको मात्र निर्वाचनका लागि सम्बन्धित वडाको केन्द्र रहेको स्थानमा मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालय रहने आयोगले जनाएको छ ।

**उपनिर्वाचनका लागि २५ राजनीतिक दल दर्ता**

उपनिर्वाचनका लागि आयोगमा २५ राजनीतिक दल दर्ता भएका छन् । आयोगमा दर्ता भएका २६ राजनीतिक दलमध्ये रीत पूरा भएका २५ दल दर्ता गरिएका आयोगले जनाएको छ ।

उपनिर्वाचनमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, आम जनता पार्टी र नेपाल मजदुर किसान पार्टीले सहभागिता जनाउने छन् ।

यसैगरी मङ्गोल नेशनल अर्गनाइजेसन, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, बहुजन एकता पार्टी, समावेशी समाजवादी पार्टी नेपाल, हाम्रो नेपाली पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माले), राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, नेशनल रिपब्लिक नेपाल, राष्ट्रिय जनता पार्टी नेपाल, नेपाली कांग्रेस (बिपी), राष्ट्रिय मातृभूमि पार्टी, जनमत पार्टी र नेपाली जनता दल दर्ता भएका छन् ।

# डेङ्गी सङ्क्रमण घट्दै

काठमाडौँ, २१ कात्तिक (रासस) ।

नेपालमा डेङ्गी सङ्क्रमण घट्दै गएको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले जाडो बढ्नुका साथै सरकारले डेङ्गी सार्ने लामखुट्टे नियन्त्रण अभियान सञ्चालन गरेपछि कात्तिकयता सङ्क्रमण घट्दै गएको बताउनुभयो ।

सरकारले डेङ्गीको सङ्क्रमण बढ्न थालेपछि हरेक शुक्रबार सरकारी तथा गैरसरकारी कार्यालयमा र अस्पताल परिसरमा सरसफाइ गर्नुका साथै 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गरिरहेको छ । उहाँका अनुसार अहिले नेपालमा ४२औँ हप्ताबाट डेङ्गी सङ्क्रमण घट्न

***बाँकी अन्तिम पृष्ठमा***

नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज**
**सप्तरी**

चलानी नं. : ~~[illegible]~~ २१४२
पत्र संख्या :
प्राप्त पत्र संख्या र मितिः
मितिः २०८१।०७।६

**विषय : ..........दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

२००४ साल आनुको नापी नापमा रामजी मण्डल दर्ता रहेको साविक कि.नं. ४६०, १०८३ जंगदर मौजा रैन. मुसहरनिया हाल तपसिल बमोजिम नापी भएको जग्गा मलेकपुर वडा नं. ६ को ८८२, २३६ को दर्ता गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. मलेकपुर-६ वार्ड नं. -३ बस्ने श्री जानकी दास को नाति रामजी दास को हाल विष्णुपुर ... को द.नं. ४६० मिति २०८१।६।१० मा निवेदन परी हकदावी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१।६।६ मा आदेश भए अनुरुप यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नु होला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | साबिक कि.नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- |
| मलेकपुर | ६ | ४६० | ८८२ | ०-१-१६ | २००४ साल आनुको नाप रामजी मण्डल को नाममा [illegible] २०८१ साल को नापी रहन खर्ची मण्डल को नाममा फिल्ड बुक [illegible] | |
| " | ६ | १०८३ | २३६ | ०-०-५½ | | |

[illegible] २०८१।६।६
कार्यालय प्रमुख

# विश्व समाचार

## रिपब्लिकन पार्टीलाई 'अभूतपूर्व र बलियो जनादेश मिलेको' पूर्व राष्ट्रपति ट्रम्पको घोषणा

वेस्ट पाल्म बिच, संयुक्त राज्य अमेरिका, २१ कात्तिक (रासस/एएफपी) ।

फ्लोरिडास्थित आफ्नो निर्वाचन अभियानको मुख्यालयमा उपस्थित समर्थकहरूको भिडलाई सम्बोधन गर्दै रिपब्लिकन नेता डोनल्ड ट्रम्पले रिपब्लिकनहरूले आजको दिनलाई भविष्यमा फर्केर हेर्दा 'आफ्नो जीवनको सबभन्दा महत्वपूर्ण दिनमध्ये एक मान्ने' बताउनुभएको छ ।

"अमेरिकाले हामीलाई अभूतपूर्व र बलियो जनादेश दिएको छ," उहाँले सिनेटमा पनि रिपब्लिकनको नियन्त्रण पुनस्थापित भएकोतर्फ सङ्केत गर्दै भन्नुभयो । सीमा व्यवस्थापन गर्ने र देशलाई एकिकृत गर्दै अघि बढ्ने प्रतिवद्धता जाहेर गर्दै उहाँले भन्नुभयो । सम्बोधनका क्रममा उहाँले आफ्नी श्रीमति मेलानियाका साथै परिवारका सदस्यसहित सम्पूर्ण शुभेच्छुक मतदाताहरूलाई धन्यवाद दिनुभएको छ ।

उहाँले समर्थकहरूलाई गरेको सम्बोधनलाई आफ्नो विजय भाषणको रूपमा प्रयोग गर्नुभएको छ । मतपरिणामको आधिकारिक घोषणा भइसकेको छैन तर निर्वाचन परिणामका प्रक्षेपणहरूले ट्रम्प जितको नजिक पुगेको जनाइरहेका छन् ।

समाचार तयार पार्दासम्म ट्रम्पले छ करोड ८८ लाख ७७ हजार २९३ मत प्राप्त गर्नुभएको छ भने ह्यारिसले छ करोड ३६ लाख १३ हजार ९५१ मत प्राप्त गर्नुभएको छ । नेपाली समय अनुसार बुधबार मध्यान्नसम्ममा रिपब्लिकन नेता ट्रम्पले मङ्गलबार खसेको कुल मतको ५१.१ प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुभएको छ भने डेमोक्र्याटिक पाटीका तर्फबाट उम्मेदवार हुनुभएका उपराष्ट्रपति कमला ह्यारिसले ४७.२ प्रतिशत मत प्राप्त गर्नुभएको छ ।

रिपब्लिकन नेता ट्रम्पले २६६ इलेक्टोरल मत प्राप्त गर्दा उहाँका प्रतिद्वन्द्वी ह्यारिसले २१९ इलेक्टोरल मत प्राप्त गर्नुभएको छ । यसरी हेर्दा ट्रम्पलाई राष्ट्रपति पदमा जीतको लागि जादुई इलेक्टोरल सङ्ख्या २७० मा पुग्न अब मात्र चार इलेक्टोरल मतको आवश्यक हुनेछ । अमेरिकी समाचार संस्था फक्स न्यूजले ट्रम्प निर्वाचित भएको घोषणा गरेको छ । फक्स न्यूजले ट्रम्पलाई २७० भन्दा माथि थप केही सीट प्राप्त हुने जनाएको छ ।

## कतारको संविधान संशोधन परियोजना जनमत संग्रहबाट स्वीकृत

दोहा, २१ कात्तिक (रासस/सिह्वा) ।

कतारको संविधान संशोधन परियोजना राष्ट्रिय जनमतसंग्रहबाट स्वीकृत भएको सरकारी समाचार एजेन्सी क्युएनएले बुधबार जनाएको छ । आन्तरिक मन्त्री तथा जनमत संग्रह समितिका अध्यक्ष शेख खलिफा बिन हमद बिन खलिफा अल थानीको नेतृत्वको जनमत सङ्ग्रह समितिले सन् २०२४ का लागि देशको स्थायी संविधान संशोधनको मस्यौदामा जनमत सङ्ग्रहको परिणाम स्वीकृत गर्ने घोषणा गरेको हो । थानीले जारी गरेको विज्ञप्तिअनुसार कतारको संविधानको संशोधनको परियोजनाले कुल वैध मतको ९०.६ प्रतिशत लोकप्रिय स्वीकृति पाएको छ ।

यसअघि गत अक्टोबर २९ मा कतारका अमिर शेख तमिम बिन हमद अल-थानीले १८ वर्ष वा सोभन्दा माथिका सबै नागरिकलाई जनमत सङ्ग्रहमा सहभागी हुन आह्वान गर्दै आदेश जारी गर्नुभएको थियो । कतारी समाजका विभिन्न वर्गहरूबिच एकताको समावेश गरेको यस राष्ट्रिय कार्यक्रममा प्राप्त सफलताहरूको कदर गर्दै जनमतसङ्ग्रह समितिले बुद्धिमान् नेतृत्व र उदार कतारी जनतालाई धन्यवाद दिएको छ ।

क्युएनएको अघिल्लो रिपोर्टका अनुसार पछिल्लो संवैधानिक संशोधनले कतारको आन्तरिक र विदेश नीति ढाँचामा महत्वपूर्ण अद्यावधिक प्रस्तुत गरेको छ जसमा विधायी सीटहरूका लागि सीमित मतदान समाप्त गर्ने कि नगर्ने भन्ने उल्लेख छ ।

## सन् २०५० सम्ममा विश्वमा क्यान्सरबाट मृत्यु हुनेको संख्या दोब्बर हुने अनुमान

सिड्नी, २१ कात्तिक (रासस/एएफपी) ।

अस्ट्रेलियाको एक अध्ययनले सन् २०५० सम्ममा विश्वभर क्यान्सरका कारण हुने मृत्युको सङ्ख्या झण्डै दोब्बर हुने प्रक्षेपण गरेको छ । अध्ययनले सन् २०५० मा विश्वमा एक करोड ८५ लाख मानिसको क्यान्सरका कारण मृत्यु हुने अनुमान गरेको छ, जुन सन् २०२२ को ९७ लाखको तुलनामा ८९.७ प्रतिशतले बढी हो ।

युनिभर्सिटी अफ क्विन्सल्याण्डका हब्तामु बिजुआयेहुको नेतृत्वमा अनुसन्धानकर्ताहरूले १८५ देशका ३६ प्रकारका क्यान्सरका बिरामी र मृत्युदरको विश्लेषण गरी सन् २०५० को संयुक्त राष्ट्रसङ्घको जनसङ्ख्या पूर्वानुमानमा यो दर लागू गरेर भविष्यका क्यान्सरका बिरामी र मृत्युको प्रक्षेपण गरेका थिए ।

सन् २०२२ मा दुई करोड क्यान्सर भएकामा सन् २०५० मा तीन करोड ५३ लाख पुग्ने अनुमान गरिएको छ । संयुक्त राष्ट्रसङ्घको मानव विकास सूचकाङ्क (एचडीआई) मा कम वरियता भएका देशहरूमा सन् २०५० सम्ममा क्यान्सरका बिरामी र मृत्यु दर तीन गुणाले बढ्ने अनुमान गरिएको छ ।

सन् २०५० मा फोक्सोको क्यान्सर यस रोगका कारण हुने मृत्युको प्रमुख कारण रहने अनुमान गरिएको छ, जुन सन् २०२२ मा १८.७ प्रतिशत रहेको थियो । सन् २०२२ देखि २०५० को बीचमा महिलाको तुलनामा पुरुषमा क्यान्सरका बिरामी र मृत्यु हुनेको सङ्ख्या केही बढी हुने अध्ययनले देखाएको छ ।

### डेङ्गी सङ्क्रमण ...

थालेको हो । नेपालमा अहिले डेङ्गी सङ्क्रमणको ४५औं हप्ता चलिरहेको छ ।

डा दाहालले ४२औं हप्तामा मात्रै दुई हजार पाँच सय ८२, ४३ औं हप्तामा दुई हजार दुई सय चार, ४४ औं हप्तामा एक हजार ७१ र ४५औं हप्ता चलिरहँदा ५५ जनामा मात्र सङ्क्रमण देखिएको जानकारी दिनुभयो । "जाडो बढेसँगै डेङ्गी सङ्क्रमण घटिरहेको छ", उहाँले भन्नुभयो, "४५ हप्तामा आइपुग्दा फाट्टफुट्ट मात्र देखिन थालेका छन् । सङ्क्रमण घटेपनि सावधानी अपनाउनुपर्छ ।"

अहिलेसम्म २९ हजार एक सय ५८ मा सङ्क्रमण भएको भन्दै १२ जनाको निधन भएको किटजन्य रोग शाखाका प्रमुख डा दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार डेङ्गी सङ्क्रमण हुम्ला बाहेक सबै जिल्लामा देखिएको छ ।

### बैकिङ कसुर ...

खङ्ग र विजय मण्डल छन । दुबै जनालाई कैद/जरिवाना भुक्तानका लागी सप्तरी जिल्ला अदालत समक्ष उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## खुशीको खबर ! खुशीको खबर !! खुशीको खबर !!!

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**
सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन हुने जानकरि गराइन्छ ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११


# भन्सार छलेको मोबाइल डाटा केवल र मोटरसाईकलसहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक ।**

सप्तरी प्रहरीले जिल्लाको खडक नगरपालिका वडा नं. ८ भदिया सडक खण्डबाट भन्सार छलेर ल्याउँदै गरेको मोबाइल डाटा केवल र मोटरसाइकलसहित दुई जनालाई पक्राउ गरेको छ ।

जिल्लाको बलान बिहुल गाउँपालिका वडा नं. ५ रामनगर बस्ने ४० वर्षिय सम्पैत यादव र सोही स्थान बस्ने २२ वर्षिय श्रवण कुमार यादव सवार रहेको स.३प.४६१७ को मोटरसाइकललाई चेकजाँच गर्ने क्रममा उक्त सामानहरु बरामद गरिएको हो ।

प्रहरीले मोटरसाइकल चेकजाँच गर्दा ७५ हजार मुल्य पर्ने ४ सय ७० थान मोवाईल डाटा केवल बरामद गरेको जनाइएको छ ।

बरामद मोबाइल डाटा केवल र मोटरसाइकलसहित दुबै जनालाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी भन्सार कार्यालय बुझाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## मंगलमय शुभकामना

लोक आस्थाको महान छठ
पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र




अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**



## मंगलमय शुभकामना

लोक आस्थाको महान छठ
पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र




अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
**अध्यक्ष, तथा**
**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**
**संचालक समिति परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**



## मंगलमय शुभकामना

लोक आस्थाको महान छठ
पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र




अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

**शत्रुघन प्रसाद गुप्ता**
**अध्यक्ष, तथा**
**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, सप्तरी, परिवार**



## मंगलमय शुभकामना

लोक आस्थाको महान छठ
पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र




अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
**अध्यक्ष, तथा**
**जनमूखी बहुउद्धेश्यीय सहकारी संस्था लि.**
**राजविराज ४, सप्तरी, परिवार**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*